प्रमाणित प्रतिलिपि

रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

# भवन निर्माण तथा घरनक्सा मापदण्ड

# कार्यविधि, २०८०

CamScanner

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

# भवन निर्माण तथा घरनक्सा मापदण्ड कार्यविधि, २०८०

*- कार्यपालिकाबाट स्वीकृत (मिति २०८०।११।२९ गते)*

१) **नक्सा संक्षिप्त नाम र प्रारम्भ**

१) यस कार्यविधिको नाम भवन निर्माण तथा घरनक्सा मापदण्ड कार्यविधि, २०८० रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३) यो कार्यविधि रामगोपालपुर नगरपालिका क्षेत्रभित्र लागु हुनेछ।

२) **परिभाषा :**

१) **"नगरपालिका"** भन्नाले रामगोपालपुर नगरपालिका सम्झनु पर्छ।

२) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रामगोपालपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

३) **"भवन"** भन्नाले आवासीय, मिश्रीत, औद्योगिक, व्यापारिक, गोदामघर, टहरा, सिनेमा घर, कार्यालय भवन, सभा गृह, अस्पताल, कम्पाउण्डवाल वा अन्य कुनै प्रयोजनको लागी बन्ने कुनै संरचना सम्झनु पर्छ।

४) **"नक्सा"** भन्नाले भवन निर्माण सम्वन्धी सम्पूर्ण ड्रइगं, डिजाईन सम्बन्धी रेखाचित्र र कागजात सम्झनु पर्छ।

५) **"भवनको वर्गीकरण"** भन्नाले भवन ऐन २०५५ को दफा ८ ले वर्गीकरण गरेको क, ख, ग र घ वर्गका भवन सम्झनु पर्छ।

६) **"तला"** भन्नाले भवन वा निर्माणको भूईहरु वा भूईदेखि सिलिङ्ग बिचको भागलाई मानिनेछ।

७) **"प्लिन्थ एरिया"** भन्नाले भूमिगत तला वा कुनै तलाको गारो सहितको सम्पुर्ण ढाकिएको क्षेत्रफललाई मानिनेछ।

८) **"बार्दली"** भन्नाले आउन जान हुने वा बसन सकिने पारापीट, ह्यानडरेल, बालुष्ट्रेड समेतको होरीजेन्टल क्यान्टीलेभर वा अन्य प्रोजेक्सन।

९) **"कार्यविधि"** भन्नाले रामगोपालपुर नगरपालिकाले स्वीकृत गरी लागु गरेको घर नक्सा पास सम्वन्धी कार्यविधिलाई सम्झनु पर्छ।

१०) **"मापदण्ड"** भन्नाले कार्यपालिकाबाट स्वीकृत मापदण्डलाई सम्झनु पर्छ।

११) **"जग्गा उपभोग प्रतिशत (Ground Coverage)"** भन्नाले भवनको भुई तलाको क्षेत्रफल र भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलको अनुपातलाई १०० ले गुणा गर्दा हुन आउने प्रतिशतलाई सम्झनु पर्दछ।



CamScanner

१२) **"भूई क्षेत्रको अनुपात (FAR: Floor Area Ratio)"** भन्नाले भवनको सम्पूर्ण तलाहरुमा निर्मित क्षेत्रफलको योगफललाई भवन बन्ने जग्गा वा घडेरीको क्षेत्रफलको भाग गरेर आएको भागफललाई सम्झनु पर्दछ ।

१३) **"सडकको अधिकार क्षेत्र (Right of Way)"** भन्नाले ऐन, नियम तथा स्वीकृत कापदण्डले तोकेको सडकको चौडाईलाई सम्झनु पर्दछ ।

१४) **"सेट ब्याक"** भन्नाले आफुले कार्यविधि अनुसार जग्गामा भवन बनाउँदा साँध सिमाना, सार्वजनिक सम्पत्ति र सडक अधिकार क्षेत्रबाट छोड्नु पर्ने न्यूनतम दूरीलाई जनाउदछ ।

१५) **"प्राविधिक कर्मचारी"** भन्नाले नगर कार्यपालिकाले भवन निर्माण तथा घर नक्सा सम्वन्धी काम गर्नका निम्ति जिम्मेवारी प्राप्त प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

१६) **"कन्सल्टेनिस वा परामर्शदाता"** भन्नाले घर नक्सा सम्वन्धी प्राविधिक सेवा उपलब्ध गराउनेलाई सम्झनु पर्दछ ।

१७) **"Individual Civil engineer/Architect Engineer"** भन्नाले कुनै परामर्शदातामा आवद्ध नभई Nepal Engineering Council दर्ता प्रमाणपत्र प्राप्त गरिसकेको र घर नक्सा सम्वन्धी प्राविधिक सेवा उपलब्ध गराउनेलाई सम्झनु पर्दछ ।

## ३) नक्सा पासको लागी चाहिने आवश्यक कागजातहरु

१) नक्सा पासको लागी निम्न आवश्यक कागजातहरु पेश गर्नुपर्छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | नक्सा किताबले तोकेको ढांचाको नक्सा पास अनुमतिको दरखास्त | १ |
| २ | स्थानीय तहले तोकेको ढांचाको निर्माण गरिने भवन नक्सा | २ |
| ३ | जग्गा धनी प्रमाणपूर्जा प्रतिलिपि | १ |
| ४ | चालु आ.व.को मालपोत वा एकिकृत कर तिरेको रसिदको प्रतिलिपि | १ |
| ५ | कित्ता नम्वर स्पष्ट हुनुपर्ने नापी नक्साको प्रमाणित प्रतिलिपि (Blue print/Computer print) | १ |
| ६ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | १ |
| ७ | भवन स्वामित्व कर्ता व्यक्ति भए निजको पासपोर्ट साईजको फोटो | ३ |
| ८ | भवन स्वामित्व कर्ता कुनै निजी संस्था, गैर सरकारी संसथा वा कम्पनी भए सोको अद्यावधिक दर्ता प्रमाणपत्र, कम्पनीको हकमा प्रवन्धक पत्रको | १-१ |



CamScanner

| | | |
|---|---|---|
| | प्रतिलिपि, VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपि, नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि आदि लगायत स्थानीय तहले तोके अनुसारका कागजातहरु । | |
| ९ | बारेस राखी नक्सा पास गर्ने भएमा वारेसनामाको साथमा वारेसको नागरिकताको प्रमाणित प्रतिलिपि । | १-१ |
| १० | नक्सावाला मोही भएमा जग्गा धनीको स्वीकृती पत्र | १ |
| ११ | जग्गा कुनै निकायमा धितोको लागी सुरक्षित राखिएको भए सम्वन्धीत निकायबाट स्वीकृत पत्र | १ |
| १२ | बाटो खुलेको प्रमाण- नक्सामा बाटो स्पष्ट नभए मात्र | १ |
| १३ | मन्जुरीनामा - निवेदक उपस्थित हुन नसकेको खण्डमा मात्र | १ |
| १४ | नक्सा तयार तथा डिजाईन गर्ने प्राविधिकको Nepal Engineering Council दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ |
| १५ | नगरपालिकामा सुचिकृत गरेको प्राविधिक वा कन्सलटेन्सीको प्रमाण पत्रको प्रतिलिपि | १ |
| १६ | कन्सल्टेनिसबाट नक्सा बनाएर पेश गरेमा सो कन्सल्टेन्सीको VAT/PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ |

## ४. नक्सा निर्माणमा संलग्न प्राविधिक जनशक्ती

१. स्थानीय तहको आफ्नो कार्यक्रम बाहेकका निर्माण हुने संरचनाहरुको योजना, ढाँचा र नक्सा बनाउने कार्यमा सोही स्थानीय कार्यरत प्राविधिक कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन पाउँदैनन् ।

२. आ. व. २०७२/०७३ देखि भवन ऐन, २०५५ को दफा ५ अनुसार क र ख वर्गका भवनहरुको ढाँचा, नक्सा, स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन र निर्माण सुपरिवेक्षण नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भएको आर्किटेक्ट वा सिभिल इन्जिनियरबाट गराउनु पर्दछ ।

३. नेपाल इन्जिनियरिङ्ग परिषद्ले इन्जिनियरिहरुको सूची तयार गरी व्यवसायिक अनुमति (Professional Engineering License) प्रदान नगरुन्जेल क र ख वर्गको भवनको लागि सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भई ५ वर्ष सम्बन्धीत क्षेत्रमा अनुभव हासिल गरेको इन्जिनियरिबाट स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन गराउनु पर्दछ ।

४. ग र घ वर्गका भवनको लागि भवन सम्बन्धी विधामा कमसेकम प्रमाणपत्र तह उत्तीर्ण गरेको प्रविधिकबाट भवनको ढाँचा र नक्सा तयार गराउनु पर्दछ ।



CamScanner

प्रमाणित प्रतिलिपि
सि. प्रमुख प्रशासकिय अधिकृत

५. मापदण्ड विपरित नक्सा तथा डिजाइन प्रमाणित गर्ने प्रविधिकलाई नेपाल इन्जिनियरिङ्ग परिषद्ले छानविन गरी कानूनी कारवाही गर्नुपर्ने व्यवस्था छ ।

६. कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकेएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा स्थानीय तहहरुले सुपरिवेक्षण गर्न सक्दछ ।

७. भवन निर्माणको प्रयोजनको लागि आर्किटेक्ट र इन्जिनियर भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता भई इन्जिनियरिङ्ग व्यवसाय गर्ने अनुमति प्राप्त विशेषज्ञलाई मात्र जनाउने गर्दछ ।

८. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको इन्जिनियरले प्रमाणित नगरिकन क र ख वर्गका भवनहरुको नक्सा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृति गर्नु हुँदैन ।

## ५. जग्गा उपयोग प्रतिशत (Ground coverage Percentage) (GC)

१. 'ग्राउण्ड कभरेज" भन्नाले निर्माण हुने भवनले ओगट्ने अनुसुची — १ बमोजिम जग्गाको भू—भागलाई जनाउने छ । माथिल्लो तलामा क्यान्टिलेभर कोठा प्रोजेक्सन गरेको अवस्थामा त्यसलाई पनि ग्राउण्ड कभरेजमा नै लिईनेछ । प्लिन्थ एरियामा गणना नहुने पूरै वा आंशिक रुपमा भवनभित्र पर्ने चोक मुनि बेसमेन्ट बनाएको अवस्थामा त्यसलाई पनि ग्राउण्ड कभरेजमा नै समावेश गरिनेछ । तर निम्न उल्लेखित भागलाई ग्राउण्ड कभरेजमा समावेश भएको मानिने छैः

१. कम्पाउण्ड घेर्न बनाएको पर्खाल, गेट, बाहिर झुण्डिएको खुला टप, सन सेड, र्‍याम्प, पेटी, बार्दली, गोल पिलर उठाइ माथि टपमा जोडिएको १ मिटर (३'-३") भन्दा बढी चौडाइ नहुने गरी बनाइने गोल पिलर बार्दली आदि ।

२. निकासको लागि बनाइएका कल्भर्ट, पानी जानको लागि बनाइएका साना नालीहरु, Catchpit, Gully Pit, Inspection chamber, Gutter आदि ।

३. बगैंचा, इनार र यस सम्बन्धी निर्माण, विरुवाहरुको नर्सरी, पानी पोखरी र फोहरा, पौडी खेल्नेखुला पोखरी, चौतारा, ट्याङ्की, बेन्च, चिप्लेटी, झुलाजस्ता बाहिर वस्तु आदि ।

४. भर्याङ्ग भित्रको भ्वाइडको लम्बाइ र चौडाइ दुवै ५'-०" भन्दा बढी भएमा ग्राउण्ड कभरेजमा गणना गरिनेछैन ।

५. घरको कुनै भागमा Cantilever निकाली सो भागलाइ कोठाको रुपमा प्रयोग नगरिएको भाग ।

२. भवन निर्माण गर्दा सूर्यको प्रकाश भवनभित्र आउन, भवनका हरेक कोठालाई उज्यालो बनाउन, पार्किङ्गको
व्यवस्था गर्न, घर कम्पाउन्डमा हरियाली कायम गर्न, भवन भित्र पर्याप्त air circulation गराउन, कम्पाउन्डभित्र सौन्दर्य कायम गर्न, भवनमा स्वस्थ वातावरण कायम गर्न भवन वरिपरि पर्याप्त



CamScanner

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

मात्रामा खाली स्थान छोड्नु पर्दछ । घडेरीको सबै जमिनमा भवन निर्माण गर्नु व्यक्तिगत स्वास्थ्यका लागि समेत राम्रो मानिन्न । यसैले भवन निर्माणका मापदण्ड तथा भवन संहिताहरुमा घडेरीको निश्चित क्षेत्रफल मात्रै भवन निर्माण गर्न पाउने व्यवस्था गरिएको हुन्छ ।

३. आवासीय भवन वा मिश्रित आवासीय भवन निर्माण गर्न निम्न अनुसार अधिक्तम ग्राउन्ड कभरेज हुने गरी स्वीकृत दिनु पर्दछ ।

| क्र.सं. | घडेरी क्षेत्रफल (व. मि.) | अधिक्तम ग्राउन्ड कभरेज (%) |
|---|---|---|
| १ | २५० सम्म | ७५ |
| २ | २५० भन्दा बढी | ७० |

४. आवासीय भवन तथा मिश्रित आवासीय भवनदेखि बाहेकका अन्य सबै प्रकारका भवनहरु, सरकारी भवनहरु, अर्ध–सरकारी भवनहरु र सार्वजनिक भवनहरुलाई निर्माण स्वीकृति दिँदा जग्गा उपयोग प्रतिशत ५० प्रतिशत भन्दा बढी नहुनेगरी स्वीकृति प्रदान गर्नु पर्दछ ।

५. सार्वजनिक उपयोगका अन्य भवनको जग्गा उपयोग प्रतिशत सहरी विकास मन्त्रालयबाट जारी गरिएको भवन निर्माणको नमूना मापदण्ड, २०७१ अनुसार हुने गर्दछ ।

६. भवन निर्माणको नमूना मापदण्ड, २०७१ ले हाल सार्वजनिक (गैर आवासीय) क्षेत्रका लागि देहाय बमोजिमले जग्गा उपयोग प्रतिशतको अधिकतम सीमा तोकिदिए अनुसार हुनेछः

| | | | |
|---|---|---|---|
| छात्रावास | ५०% | पाहुना घर | ४०% |
| लजहरु | ४०% | धर्मशाला | ४०% |
| स्थानीय पसलहरु | ६०% | सामुदायिक केन्द्र | ४०% |
| थोक व्यपारको भवन | ४०% | गोदाम घर | ४०% |
| नयाँ पेट्रोल पम्प | २०% | होटल | ४०% |
| औधयोगिक क्षेत्र | ३०% | सरकारी कार्यालय | ५०% |
| एकिकृत कार्यालय कम्पलेक्स | ५०% | अस्पताल | ३५% |
| स्वास्थ्य केन्द्र | ३५% | नर्सिङ्ग होम | ३५% |
| नर्सरी विद्यालय | ४०% | प्राथमिक विद्यालय | ४०% |
| उच्च माध्यमिक विद्यालय | ४०% | महाविद्यालय | ३०% |
| अडिटोरियम | ३५% | धार्मिक स्थल | ४०% |
| प्रहरी चौकी | ५०% | सामुदायिक केन्द्र | ३५% |



CamScanner

प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकिय अधिकृत

६. Right of way (ROW) (क्षेत्राधिकार) and set back (SB) (सेट ब्याक)

१. भवन निर्माण गर्दा सडकको क्षेत्राधिकार र सेट ब्याक अनुसुची — २ बमोजिम छोडेर भवन निर्माण गर्नुपर्ने छ ।

| क्र.सं. | सडकको स्तर | न्यूनतम सडकको अधिकार क्षेत्र (मिटर) | सेट ब्याक (मिटर) |
|---|---|---|---|
| १ | हाइवे सडक | ५० | ६ |
| २ | हुलाकी राजमार्ग | ३० | ६ |
| ३ | जिल्जा जोड्ने सडक | २० | ६ |
| ४ | गाउँ जोड्ने सडक | १५ | ४ |
| ५ | नयाँ प्लटिङ्ग सडक | ८ | २ |
| ६ | नयाँ ट्रेक खोल्ने सडक | ६ | १.५ |
| ७ | गाउँ भित्र एकातिर नाला बनाउने सडक | ६ | १.५ |
| ८ | गाउँ भित्र दुवैतिर नाला बनाउने सडक | ८ | २ |
| ९ | ८० देखि १०० मिटर भन्दा कम, साविक र पुरानो सडक नाला नहुने | ४ | १.५ |

२. खोला, नदी, ताल, कुलो, पैनी आसपास क्षेत्रमा प्रचलित कानून बमोजिम भवन निर्माण गर्न पाउने भवनको अनुमति प्रदान गर्दा भवन निर्माणको नमूना मापदण्ड, २०७१ तथा आधारभूत निर्माण मापदण्ड, २०७२ ले गरेका देहायका मापदण्ड पालना गरी भवन वा संरचना निर्माणको अनुमति प्रदान गर्नु पर्दछ ।

१. खोला वा नदी किनारबाट कम्तिमा ३० मिटर छाडेर मात्र भवन निर्माण कार्य गर्ने ।

२. ताल किनारबाट ५० मिटर छाडेर मात्र भवन निर्माण कार्य गर्ने ।

३. कुलो वा पैनीको किनारबाट कम्तिमा १० मिटर छाडेर मात्र निर्माण कार्य गर्ने ।

४. सीमसार क्षेत्रमा त्यस्तो क्षेत्रको किनारबाट ५० मिटर टाढा हुनेगरी मात्र भौतिक संरचना निर्माणको अनुमति प्रदान गर्ने ।



CamScanner

प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकिय अधिकृत

५. सदाबहार नदीको ऐतिहासिक बाढीको सतहबाट ३० मिटर टाढा मात्र भवन निर्माणको अनुमति प्रदान गर्न सकिनेछ ।

६. सम्पदा क्षेत्रमा रहेका सार्वजनिक पोखरी जलासयको डिलबाट ५ मिटर

७. सार्वजनिक इनारको बाहिरी घेराबाट ४ मिटर

८. सम्पदा क्षेत्रमा रहेको सार्वजनिक कुलोको केन्द्र रेखाबाट ४ मिटर

९. सार्वजनिक कुवा, ढुङ्गेधाराको सीमानाबाट ४ मिटर

३. सडक तर्फको Set back दुरीसम्म जमिन तलामा Cantilever, Septic tank वा पानिको अन्डर ग्राउन्ड टैंक बनाउन पाइने छैन तर पहिलो तला देखि केन्टिलिभर बनाउन बाधाअडचन हुने छैन र त्यस्तो केन्टिलिभर set back दुरी भित्र १ फिट ६ ईन्च सम्म मात्र बनाउन पाइनेछ ।

४. संघियारको जग्गातर्फ बार्दली वा डक्ट सिस्टम राख्नु पर्दा जग्गाको सिमानाबाट कम्तीमा ५ फिट हुनु पर्छ ।

### ७. भुईं क्षेत्रको अनुपात (Floor Area Ratio) (FAR)

१. यस नगरपालिका क्षेत्रभित्र निर्माण हुने भवनको उचाइका लागि स्थानीय तहले भुईं क्षेत्रको अनुपात (Floor Area Ratio) अनुसुची — ३ बमोजिम, उचाइको सीमा अनुसुची — ४ बमोजिम वा दुवैको प्रयोग गरी उचाइ निर्धारण गर्न सक्दछन् ।

२. यस नगरपालिकाले नगर सभाको निर्णयबाट सहरी विकास मन्त्रालयसँग प्राविधिक समन्वय गरी भुईं क्षेत्रको अनुपातको सट्टामा भवनको उचाइको व्यवस्था कार्यान्वयनमा ल्याउन सक्नेछन् । यसरी उचाइ निर्धारण गर्दा आधारभूत भवन निर्माण मापदण्ड, २०७२ का प्रावधानहरुको प्रतिकूल नहुनेगरी निर्धारण गर्नु पर्दछ ।

३. आवासीय भवन निर्माण गर्न निम्न अनुसार अधिक्तम भुईं क्षेत्रको अनुपात हुने गरी स्वीकृत दिनु पर्नेछ ।

| क्र.सं. | घडेरी क्षेत्रफल (व. मि.) | भुईं क्षेत्रको अनुपात |
|---|---|---|
| १ | २५० सम्म | ३.२ |
| २ | २५० भन्दा बढी | २.७ |

४. मिश्रीत (आवासीय र व्यापारिक) भवन निर्माण गर्न निम्न अनुसार अधिक्तम भुईं क्षेत्रको अनुपात हुने गरी स्वीकृत दिनु पर्नेछ ।

| क्र.सं. | घडेरी क्षेत्रफल (व. मि.) | भुईं क्षेत्रको अनुपात |
|---|---|---|
| १ | २५० सम्म | २.७ |



CamScanner

प्रमाणित प्रतिलिपि
नि. प्रमुख प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| २ | २५० भन्दा बढी | २.५ |

५. भवन निर्माणको नमूना मापदण्ड, २०७१ ले हाल सार्वजनिक (गैर आवासीय) क्षेत्रका लागि देहाय बमोजिमले भुइँ क्षेत्रको अनुपातको अधिकतम सीमा तोकिदिए अनुसार हुनेछ ।

| | | | |
|---|---|---|---|
| छात्रावास | २.० | पाहुना घर | १.५ |
| लजहरु | १.५ | धर्मशाला | १.५ |
| स्थानीय पसलहरु | १.५ | सामुदायिक केन्द्र | १.५ |
| थोक व्यपारको भवन | १.५ | गोदाम घर | १.५ |
| नयाँ पेट्रोल पम्प | २.० | होटल | १.५ |
| औद्योगिक क्षेत्र | २.० | सरकारी कार्यालय | २.० |
| एकिकृत कार्यालय कम्पलेक्स | २.० | अस्पताल | १.२५ |
| स्वास्थ्य केन्द्र | २.० | नर्सिङ्ग होम | २.० |
| नर्सरी विद्यालय | १.२५ | प्राथमिक विद्यालय | १.२५ |
| उच्च माध्यमिक विद्यालय | १.२५ | महाविद्यालय | १.२५ |
| अडिटोरियम | १.० | धार्मिक स्थल | १.० |
| प्रहरी चौकी | १.२५ | सामुदायिक केन्द्र | १.० |

६. भूईं क्षेत्रको अनुपात =(भवनको हरेक तलाको क्षेत्रफलको योग)/(घडेरीको कुल क्षेत्रफल)

८. निर्माण सम्पन्न प्रतिवेदन र भवनको उपयोग

१. भवन निर्माण मापदण्ड अनुसरण गरी नक्सा तयार, स्ट्रक्चरल डिजाइन गरिएको भनी तोकिएको योग्यता पुगेको प्राविधिकले सिफारिस गरेको भवनलाई मात्र स्थानीय तहले आफ्ना प्राविधिकबाट समेत स्थलगत चेकजाँच गराई निर्माण सम्पन्न प्रमाणपत्र दिनु पर्दछ ।

२. पूर्ण वा आंशिक रूपमा निर्माण सम्पन्न प्रमाणपत्र लिएका भवनहरुमा मात्र स्थानीय तहले आधारभूत सार्वजनिक पूर्वाधार सेवाहरु जडानको सिफारिस गर्नु पर्दछ । स्थानीय तहको स्वीकृति बिना सम्बन्धित निकायहरुले समेत उपभोक्ताहरुलाई यी सेवाहरु प्रदान गर्नु हुँदैन ।



CamScanner

प्रमाणित प्रतिलिपि

३. सरकारी तथा अर्धसरकारी निकायहरु, स्वास्थ्यसंस्था, विद्यालय र सङ्गठित संस्थाहरुले भवन भाडामा लिंदा निर्माण सम्पन्न प्रमाणपत्र पाएका भवन मात्र भाडामा लिनु पर्दछ । यस विपरीत भाडा सम्झौता गरेमा सम्झौता गर्ने प्रमुख व्यक्तिगत रूपमा जिम्मेवार हुने गर्दछ ।

४. व्यापारिक र आवासीय भवनहरुले स्थानीय तहबाट आंशिक निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरी भवन उपयोगको स्वीकृति लिन सक्नेछन् ।

५. भवनको प्रयोजन परिवर्तन गर्नु परेमा भवन निर्माण मापदण्ड र भवन संहिता विपरीत नहुनेगरी स्थानीय तहबाट स्वीकृति लिएर मात्र उपयोग परिवर्तन गर्न सकिन्छ । स्वीकृति विना उपयोग परिवर्तन गरेमा स्थानीय तहले उक्त भवनलाई आफ्नो सेवाबाट बन्चित गर्नुको साथै आधारभूत सार्वजनिक सेवाहरुबाट बन्चित गर्न सम्बन्धित निकायलाई लेखी पठाउनु पर्दछ र सम्बन्धित निकायहरुले पनि लेखी आए बमोजिम गर्नु पर्दछ ।

६. न्यूनतम एक तलाको निर्माण सम्पन्न प्रमाणपत्र (आंशिक वा पूर्ण) लिएको भवनलाई मात्र स्थानीय तहले पानी, बिजुली आदि सार्वजनिक आधारभूत सेवाहरु जडान गर्न सिफारिस गर्नु पर्दछ ।

७. स्थानीय तह क्षेत्रको स्वरूपमा नकारात्मक असर पार्ने भनी प्राविधिक समितिले सिफारिस गरेमा कुनै पनि भवनमा होर्डिङ्ग बोर्ड, टावर आदि रहन दिनु हुँदैन । साथै, भवनको स्ट्रक्चरल डिजाइनमा नै यस्ता संरचनाहरुको भारलाई समावेश गरेको भएमात्र भवनमा यस्ता संरचनाहरु जडान गर्न अनुमति दिनु पर्दछ ।

८. तोकिएका मूल सडक किनाराको निर्माण भइसकेको भवनको सडक पटीको भागलाई रङ्गरोगन लगाएत Finishing गरेका छैनन् भने यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाणपत्र तथा तला थपको स्वीकृतिमा रोक लगाउन सकिनेछ ।

## ९. विविध

### १. सेप्टीक ट्याङ्क

१. स्थानीय तहले भवन निर्माण स्वीकृति दिंदा प्रत्येक घरमा सेफ्टि ट्याङ्क अनिवार्य रूपमा रहने गरी मात्र निर्माण स्वीकृति प्रदान गर्न सकिन्छ ।

२. निर्माण भएका भवनको निर्माण सम्पन्न प्रतिवेदन दिंदा घरमा सेफ्टि ट्याङ्क निर्माण हुनुपर्ने भवनलाई मात्र उक्त प्रमाणपत्र दिन सकिनेछ ।

### २. स्ट्रक्चरल डिजाइन

१. तीन तला भन्दा बढी वा प्लिन्थको एरिया १००० वर्ग फिट भन्दा बढी भएको भवनको नक्सा पासको लागि स्ट्रक्चरल डिजाइन (Structural Design/Analysis) अनिवार्य नक्सा साथ संलग्न गरी पेश गर्नुपर्ने छ ।



CamScanner

प्रमाणित प्रतिलिपि
नि. प्रमुख प्रशासकिय अधिकृत
२०७४

२. एक मिटर भन्दा लामो छज्जा वा वार्दलीको स्ट्रक्चरल डिजाइन पेश नभएको "ग" वर्गको भवनलाई निर्माण स्वीकृति दिइनेछैन ।

३. राष्ट्रिय भवन संहिता अनुसार नक्सा हुनुपर्ने

१. स्थानीय तहले नेपाल सरकारबाट जारी गरिएको राष्ट्रिय भवन संहिता (NBC: National Building Code) मा उल्लिखित मापदण्ड विपरीत हुनेगरी नक्सा स्वीकृत गर्नु हुँदैन ।

२. Nepal Building code निम्न अनुसार प्रयोग गर्नु पर्ने छ —

| क्र. सं. | भवनको वर्गीकरण | NBC Code |
|---|---|---|
| १ | क | NBC 000 |
| २ | ख | NBC 101 to 114, NBC 206, 207 and 208 |
| ३ | ग | NBC 201, 202 and 205 |
| ४ | घ | NBC 203 and 204 |

४. मापदण्ड पुरा गर्नुपर्ने

१. भवन निर्माण मापदण्ड प्रतिकूल हुनेगरी कुनै पनि कबुलियत गराई वा शर्त तोकी भवन निर्माणको अनुमति प्रदान गर्नु हुँदैन । अनुमति प्राप्त गर्न तोकिएका सबै मापदण्ड पूरा गर्नुपर्दछ ।

२. मापदण्ड पुर्याउने प्रयोजनका लागि कसैको सँधियारको मन्जुरीनामाको आधारमा भवन निर्माण अनुमति प्रदान गर्नु हुँदैन । मापदण्ड पुर्याएर भवन निर्माण अनुमति वा निर्माण सम्पन्न प्रमाणपत्र लिईसकेको भवनले पछि कित्ताकाट गरी कुनै खाली कित्ता बेचबिखन गर्दा स्वीकृत मापदण्ड कायम नहुनेगरी कित्ताकाट वा बेचबिखन गरेमा सो भवनको निर्माण स्विर्कत प्रमाणपत्र स्वतः खारेज हुनेछ र स्थानीय तहले त्यस्तो भवन आफैंले भत्काउने छ र भत्काउन लागाउने छ ।

३. नयाँ निर्माण हुने क र ख वर्गका भवनले छानाको पानि जमिन मुनि पठाउने र जमिनले सोस्न नसक्ने पानि मात्र ढलमा पठाउने व्यवस्था गर्नु पर्नेछ । यस्तो व्यवस्था नगरेका भवनलाई भवन निर्माण सम्पन्न प्रमाण पत्र दिइनेछैन ।

४. नापि नक्सा तथा श्रेष्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो कायम गरी भवन निर्माण स्वीकृत दिइने छैन ।

५. नक्सामा हेरफेर

१. भवन निर्माण सम्बन्धी प्रचलित कानून तथा मापदण्ड अनुसार एक पटक पास भइसकेको नक्सामा पछि केही हेरफेर गर्नु परेमा तला थप्ने, मोहडा बदल्ने वा लम्बाई चौडाइ बढाउने कुरा बाहेक प्रचलित कानून बमोजिम निर्धारित मापदण्डमा प्रतिकूल असर नपर्ने गरी अन्य कुरा



CamScanner

प्रमाणित प्रतिलिपि

प्र. प्रमुख प्रशासकीय अधिकृत

गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतले नक्सामा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ । तर तला थप्ने मोहडा बदल्ने वा लम्बाइ चौडाइ बढाउने कार्यका लागि निर्धारित मापदण्ड अनुकूल हुनेगरी संशोधित नक्सा पेश गरेमा स्थानीय तहले तोकेको थप दस्तुर लिई स्वीकृति गर्न सकिनेछ ।

२. नक्सामा हेरफेरको स्वीकृति दिँदा सो भवन निर्माणको अवधिं छ छैन र सो हेरफेर मापदण्ड अनुकूल छ छैन भनी यकिन गर्नु गराउनु पर्दछ ।

९. नक्सामा हुनुपर्ने अन्य विवरण

१. नक्सामा उत्तर (North) नापी दिशा तर्फ नै हुनुपर्छ ।

२. नक्सामा भवनको वर्ग खुलाउनु पर्दछ ।

३. क्षेत्रफल निकाल्न आवश्यक Diagonal सहितको सम्पूर्ण नाप उल्लेख गर्नुपर्छ ।

४. नक्सामा Right of Way, Set back, Plinth area, Ground (Plot) area, Floor Area ratio, Ground coverage नगरपालिकाको कार्यविधि अनुसार उल्लेख गर्नुपर्नेछ ।

५. Existing building भएमा सोको नाप (plinth), coverage, Total Floor area उल्लेख गर्नु पर्छ ।

६. नक्सामा नदी, नाला, कुँवा, इत्यादि घरको वरपर भएमा देखाउनु पर्छ ।

७. नक्सा तयार र डिजाईन गर्ने ईन्जिनियर को Nepal Engineering Council Number लेखी सही गर्नु पर्छ र कन्सलटेन्सिको हकमा उक्त कन्सलटेन्सिको छाप पनि लगाउनु पर्नेछ । अन्यथा त्यस्तो नक्सा नगरपालिकाबाट पास हुने छैन । साथै घरधनी/जग्गाधनीले पनि पेश गरेको नक्सामा सही गर्नु पर्छ ।

१०. नयाँ परामर्सदाता सूचीकृत प्रमाण पत्र दिने

१. नक्सा पास गराउँदा कन्सल्टेन्सि (Consultancy) को हकमा निम्न कागजातहरु पेश गरी नगरपालिकामा सूचीकृत गराउनु पर्नेछ ।

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | सूचीकृत गरी पाउँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्ने | १ |
| २ | VAT/PAN दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ३ | नियमित अन्तिम कर चुक्ताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ४ | कन्सल्टेन्सि दर्ता भएको Company Registration Certificate को प्रमाणीत प्रतिलिपि | १ |
| ५ | स्वामित्व भएको व्यक्तिको को नागरिकताको प्रमाणीत प्रतिलिपि | १ |

प्रमाणित प्रतिलिपि

| | | |
|---|---|---|
| ६ | स्वामित्व भएको व्यक्तिको को पासपोर्ट साईजको फिटो | ३ |
| ७ | एउटा सिभिल ईन्जिनियर वा आर्किटेक्टको Engineering Council दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ८ | अनुसुची — ६ को फारम | १ |

२. नक्सा पास गराउँदा Individual Civil Engineer/Architect Engineer को हकमा निम्न कागजातहरु पेश गरी नगरपालिकामा सुचिकृत गराउने पर्नेछ ।

| क. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | सूचीकृत गरी पाउँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्ने | १ |
| २ | Engineering Council दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ३ | उक्त व्यक्तिको नागरिकताको प्रमाणीत प्रतिलिपि | १ |
| ४ | उक्त व्यक्तिको पासपोर्ट साईजको फिटो | ३ |
| ५ | अनुसुची — ६ को फारम | १ |

३. सूचीकृत प्रमाण पत्र र प्रमाण पत्र नं. माथि उल्लेखित सम्पूर्ण कागजातहरु लगायत नगरपालिकाले तोकेको दस्तुर तिरेको सक्कल रसिद बुझाएपछि मात्रै प्रदान गरिने छ ।

४. सूचीकृत प्रमाण पत्र अनुसुचि — ५ अनुसार हुनेछ ।

५. सूचीकृत प्रमाण पत्र नं. चालु आ. व. र यस नगरपालिकामा दर्ता भएको निवेदकको निवेदनको दर्ता नं. हुनेछ ।

उदाहरणः चालु आ. व. ०७८/०७९ र निवेदनको दर्ता नं. १२३३ हो भने सूचीकृत प्रमाण पत्र नं. ०७८/०७९-१२३३ हुने छ ।

६. सूचीकृत प्रमाण पत्रको वर्ग भवनको वर्गीकरण बमोजिम निम्न अनुसार हुने छ —

| क. सं. | भवनको वर्गीकरण | सूचीकृत प्रमाण पत्र वर्ग |
|---|---|---|
| १ | "क", "ख" | "क" |
| २ | "ग", "घ" | "ग" |

७. दफा १० को उपदफा ६ बमोजिम सूचीकृत प्रमाण पत्र वर्ग "क" ले भवनको वर्ग "क" देखि "घ" सम्मको नक्सा डिजाइन/तयार गर्ने सक्छ तर सुचिकृत प्रमाण पत्र वर्ग "ग" ले भवनको वर्ग "ग" देखि "घ" सम्मको मात्र नक्सा डिजाइन/तयार गर्ने सक्छ ।

८. सूचीकृत प्रमाण पत्र सँगै नगरपालिकाले तोकेको दस्तुर लिई यो कार्यविधि प्रदान गर्ने छ ।



CamScanner

प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

९. सूचीकृतको प्रमाण पत्र लिएको कन्सल्टेन्सि वा Individual Civil Engineer वा Architect Engineer ले बनाएको/डिजाईन गरेको मापदण्ड अनुसारको नक्सा मात्रै यस नगरपालिका बाट पास हुनेछ ।

१०. सूचीकृत वर्ग "ग" बाट "क" मा परिवर्तन हुन चाहेमा "ग" वर्गको लागि तिरी सकेको रकम बाहेक "क" वर्ग को लागि लाग्ने बाँकी दस्तुर तरेर निवेदन साथ अन्य माथि उल्लेख कागजातहरु बुझाउनु पर्छ । तर "क" बाट "ग" मा परिवर्तन हुन चाहेमा बाँकी रकम फर्ता गरिने छैन ।

११. प्रमाण पत्र हराएमा नगरपालिकाले तोकेको दस्तुर तिरी अर्को प्रमाण पत्र लिन सकिने छ ।

## ११. परामर्सदाता सूचीकृत प्रमाण पत्र नविकरण गर्ने

१. परामर्सदाता सूचीकृत प्रमाण पत्र नविकरण गराउने परामर्सदाता/कन्सल्टेन्सि (Consultancy) को हकमा निम्न कागजातहरु पेश गर्नु पर्नेछ ।

| क. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | नविकरण गरी पाउँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्ने | १ |
| २ | नियमित अन्तिम कर चुक्ताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ३ | Company Registration Certificate को नविकरण/अध्यावधिक को प्रमाणीत प्रतिलिपि | १ |
| ४ | स्वामित्व भएको व्यक्तिको नागरिकताको प्रमाणीत प्रतिलिपि | १ |

२. सूचीकृतको प्रमाण पत्र नविकरण गराउने Individual Civil Engineer/Architect Engineer को हकमा निम्न कागजातहरु पेश गर्नु पर्नेछ ।

| क. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | नविरकण गरी पाउँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्ने | १ |
| २ | Engineering Council दर्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि | १ |
| ३ | उक्त व्यक्तिको को नागरिकताको प्रमाणीत प्रतिलिपि | १ |

३. सूचीकृतको प्रमाण पत्र माथि उल्लेखित सम्पूर्ण कागजातहरु लगायत नगरपालिकाले तोकेको दस्तुर तिरेको सक्कल रसिद बुझाएपछि मात्रै नविकरण गरिने छ ।

४. नविकरणको लागि लाग्ने दस्तुर नगरपालिकाले तोके बमोजिम हुनेछ ।



CamScanner

५. नविकरण हरेको आ. व. को साउन मसान्तसम्म मा गराउनु पर्छ । साउन पछि जहिले पानि नविकरण गराउँदा नविकरणको लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर तिर्नु पर्छ ।

६. नविकरण नगराई नक्सा पेश गरेमा त्यस्तो नक्सा नगरपालिकाबाट पास हुने छैन ।

## १२. अभिलेखिकरण

१. नक्सा प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरुको मात्र अभिलेखिकरण गरिने छ ।

२. तर दफा १२ को उपदफा १ अनुसार अभिलेखिकरण गर्दा सो घर सडक अधिकार तथा सेट ब्याक भित्र परेमा वा न्यूनतम मापदण्ड पूरा नभएमा मापदण्ड भित्र पर्ने भाग घर नक्सामा नै छुट्टयाइ सो भागको मात्र घर नक्सा पास दस्तुर तथा जरिमाना लिई बाँकी भागलाई अनुसुची-७ बमोजिम नक्सा प्रमाणीत गर्न नमिल्ने (Non-Passable) भन्ने जनाई मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउने मंजुरिनामा प्रमाण पत्रमा नै गराई घरधनी बाट सो घरको मापदण्ड पालना सम्बन्धमा स्वघोषणा गराई अभिलेखीकरण प्रयोजनको दफा १० को उपदफा १ वा २ अनुसार सूचीकृत परामर्सदाताबाट तयार भएको नक्सा पास गर्नु पर्ने छ ।

## १३. अन्य व्यवस्था

१. यस कार्यविधिमा उल्लेख नभएको अवस्थामा नेपलाको प्रचलित कानुन बमोजिम कायम गरिने छ ।

२. यस कार्यविधिमा अरु कतै जे सुकै लेखेपनि नगरपालिकाले घर नक्सा पास प्रक्रियामा आवश्यक्ता अनुसार अन्य कागजातहरु माग गर्न सक्छ ।

३. यस नगरपालिकाले तोकेको कुनै विषेश क्षेत्र जस्तै पर्यटकिय क्षेत्र, औधयोगिक क्षेत्र इत्यादि को छुट्टै घरको ढाँचा, रङ्ग, उचाई इत्यादि लगायत अन्य विषेश मापदण्ड बनाई लागु गर्न सक्ने छ ।

४. नयाँ नक्सा पास प्रक्रिया भई पास हुने नक्सामा ROW वा Set back वा अन्य कुनै निषेधित क्षेत्रमा घर वा घरको कुनै भाग निर्माण गरेमा नगरपालिकाले त्यो भाग बराबरको तोकेको जरिवाना लिई प्रमाण पत्रमा सम्बन्धीत व्यक्तिसँग त्यो भाग नगरपालिकाको निर्देशन अनुसार भत्काउने मन्जूरीनामा गराई कार्य सम्पन्नको प्रमाण पत्र दिने छ र आवश्यक्ता अनुसार नगरपालिकाले जुन सुकै बेला उक्त भाग भत्काउन लगाउन सक्ने छ ।

५. ऐलानी जग्गाको हकमा नगरपालिकामा बहाल बिटौलि शुल्क तिर्दै आएकाहरुले माथि उल्लेख गरेका र अनुसुची – ८ बमोजिम का सम्पूर्ण कागजातहरु पेश गरी नगरपालिकाले आवश्यक्ता अनुसार उपयोग गर्दै आएको उक्त जग्गा र जग्गामा निर्माण भएको घर भत्काउन सक्ने मन्जूरीनामा दिएमा मात्रै घर नक्सा पास र निर्माण सम्पन्नको प्रमाण पत्र दिईने छ ।


प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकिय अधिकृत

# अनुसुची - १

(दफा ५ सँग सम्बन्धीत)

## Ground coverage




(GC) = B/A x 100


प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकिय अधिकृत

# अनुसुची - २

(दफा ६ सँग सम्बन्धीत)

## SET BACK (सेट ब्याक)




प्रमाणित प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची - ३**

**(दफा ७ सँग सम्बन्धीत)**

**Floor Area Ratio (FAR)**




$$C = Sum\ of\ all\ floor\ area = Ground\ floor + First\ floor + Second\ floor$$

$$FAR = \frac{C}{A}$$


प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकिय अधिकृत

## अनुसुची - ४

(दफा ७ सँग सम्बन्धीत)

### Light of plane and Height of building




B = Set back

A = Right of Way

Maximum Height of building (H) = 2(A+2B)

प्रमाणित प्रतिलिपि

नि. प्रमुख प्रशासकिय अधि...

अनुसूची-५ (दफा १० को उपदफा ३ सँग सम्बनधति)

रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

**प्रमाण पत्र नं.:**

## सूचीकृत प्रमाण पत्र

श्री.......................................................................................................... नामको र भ्याट/प्यान/नेपाल ईन्जिनियरिङ्ग काउन्सिल दर्ता नं. ........................................ रहको प्रा. लि. कन्सल्टेन्सि/ईन्जिनियर/आर्किटेक्ट वि. सं. २०.........साल...............महिना.........गते मा घरको नक्सा डिजाईन र तयार गर्ने कार्यको लागि दर्ता भएको हुनाले यस नगरपालिकाको भवन निर्माण तथा घरनक्सा मापदण्ड कार्यविधि, २०८० को दफा १० को उपदफा ३ बमोजिम यो प्रमाण पत्र दिईएको छ ।

वर्ग

मितिः................................

........................................

प्रमुख प्रशासकीय अधिकृत

यस नगरपालिकाको भवन निर्माण तथा घरनक्सा मापदण्ड कार्यविधि, २०८० को दफा ११ को उपदफा ३ बमोजिम नविकरण गरिएका विवरणहरु निम्न रहेका छन् ।

| क्र. सं. | नविकरण मिति (देखि) | नविकरण मिति (सम्म) | सही | कार्यालयको छाप |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |



CamScanner

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-५ (दफा १० को उपदफा १ को ८ र उपदफा ५ संग सम्बन्धित)

रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल

प्रमाण पत्र नं.:

फोटो

## सूचीकृत फारम

### कन्सल्टेन्सि Owner/ईन्जिनियर/आर्किटेक्ट को सामान्य विवरण

१. नाम (देवनागिरि)

२. नाम (English)

३. स्थायी ठेगाना

४. हालको ठेगाना

५. ईं-मेल ठेगाना

६. मोबाईल नं.

७. टेलिफोन नं.

८. नागरिकता नं.

९. NEC नं.

### कन्सल्टेन्सि को अन्य विवरण

१०. कन्सलटेनसि को नाम (देवनागिरि)

११. कन्सलटेनसि को नाम (English)

१२. VAT/PAN NO. कम्पनी दर्ता नं.

१३. ठेगाना कम्पनी दर्ता मिति

### सही/छाप

माथि उल्लेख गरिएका सम्पूर्ण निनरणहरु साँचो हो । झुठो ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

सही

मिति

कन्सल्टेन्सिको छाप




CamScanner

प्रमाणित प्रतिलिपि
प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची — ७

(दफा १२ को उपदफा २ सँग सम्बन्धीत)

**Non-Passable area**




माथिको चित्रमा घर सेट ब्याक क्षेत्र भित्र परेकोले उक्त क्षेत्रलाई नक्सा प्रमाणीत गर्न नमिल्ने (Non-Passable) भनी जनाउनु पर्छ र उक्त क्षेत्र बराबरको दस्तुर पनि लिनु हुँदैन ।

प्रमाणित प्रतिलिपि

## अनुसुची — ८

(दफा १३ को उपदफा ५ सँग सम्बन्धीत)

ऐलानी जग्गाको हकमा

ऐलानी जग्गाको हकमा निम्न कागजातहरु थप पेश गर्नु पर्छ ।

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | अव्यवस्थीत बसोबासको लागि संकलन फारम भरेको हुनु पर्ने | १ |
| २ | फिल्ड बुक उत्तार | १ |
| ३ | भोग गरेको कागज | १ |
| ४ | नगरपालिकाले उक्त घर आवश्यक्ता अनुसार भत्काउन सक्ने भनी मन्जुरीनामा | १ |



CamScanner


प्रमाणित प्रतिलिपि

रामगोपालपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

रामगोपालपुर, महोत्तरी

मधेश प्रदेश, नेपाल






CamScanner